# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।०२।२५ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

नेपाल आयल निगम, प्रादेशिक कार्यालय गगनगौडाका डिपो प्रमुख समेतको मिलेमतोमा बिलमा उल्लेख भएको भन्दा बढी परिमाणमा पेट्रोलियम पदार्थ डिजेल सप्लाई गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा नेपाल आयल निगम लिमिटेड गण्डकी प्रादेशिक कार्यालय, पोखराका कार्यालय प्रमुख चितरंजन दाससमेतले टैंकट्रकमा १२,००० लिटर पेट्रोलियम पदार्थको अर्डर स्वीकृत भएपश्चात पश्चिमाञ्चल ट्रेड्र्सले नेपाल आयल निगमको खातामा IPS गरेर पैसा जम्मा गरेपछि बिल भौचर तयार भई पेट्रोलियम पदार्थ लिन पठाएकोमा डिप र शिल गर्ने जिम्मेवारीमा रहेका डिलर्स एशोसिएशनको प्रतिनिधि जगन्नाथ ढुंगाना र लक्ष्मण रानाभाटसँगको मिलेमतोमा बदनियत राखी सिसि क्यामरा बन्द गरी मिति २०८०।०४।२५को Invoice नम्बर 8104-400001187 अनुसार पेट्रोलियम पदार्थ (डिजेल) पश्चिमाञ्चल ट्रेड्र्सको ग २ ख ८३६ नम्बरको टैंकट्रकमा १२,००० लिटर डिजेल लोड गर्नुपर्नेमा १५,०३८ लिटर लोड गरी शिल लगाई डिपो बाहिर गएकोमा पोखरा महानगरपालीका वडा नं. २७ डाँडाको नाकमा नियन्त्रणमा लिई चेकजाँच गर्दा १५०३८ लिटर देखिएकोले बिलमा उल्लेख भएभन्दा बढी ३,०३८।-लिटर डिजलको प्रतिलिटर डिपोएक्स मुल्य रु.१४७.६३८५२।– अनुसार जम्मा रु.४,४८,५२५।८२ सार्वजनिक निकाय नेपाल आयल निगमको सम्पत्तिको हिनामिना, हानिनोक्सानी तथा दुरूपयोग गरेको पुष्टि भएकोले उल्लिखित कार्यमा संलग्न देहायका प्रतिवादीहरुलाई देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं. | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | नेपाल आयल निगम लिमिटेड गण्डकी प्रादेशिक कार्यालय गगनगौंडा कास्कीका प्रादेशिक प्रमुख **चितरंजन दास** | रू.४,४८,५२५।८२ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर भएको हुँदा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी बिगो समेत सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन मागदावी लिइएको छ। |
| २. | जिल्ला कास्की तालचोक स्थित पश्चिमाञ्चल ट्रेडर्स तथा | रू.४,४८,५२५।८२ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा मतियार भई सोही ऐनको |

| | | | |
|---|---|---|---|
| | उक्त कम्पनीका सञ्चालक **बाबुराम जमरकट्टेल** | | दफा २२ बमोजिमको कसूर भएकोले मूख्य कसूरदारहरुलाई सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी बिगो समेत सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक बाक्यांँश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |
| ३. | गण्डकी धौलागिरी पेट्रोलियम एसोसियनका तत्कालीन प्रतिनिधी **जगन्नाथ ढुङ्गाना र लक्ष्मण रानाभाट** | रू.४,४८,५२५।८२ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएकोले मूख्य कसूरदारहरुलाई सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी बिगो समेत सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक बाक्यांँश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |
| ४. | ट्याकर नं. ग २ ख ८३६नम्बरको ट्याङ्कर चालक **निर्मल थापा** | रू.४,४८,५२५।८२ | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको कसूरमा मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएकोले सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम |

| | | | |
|---|---|---|---|
| | | | कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी बिगोसमेत सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक बाक्यांँश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
राजेन्द्र कुमार पौडेल